**नगरकार्यपालिका बैठक नं. १८०, मिति २०८२।०६।२४ गते शुक्रबार**

**प्रस्तावहरु**

१. तिहार तथा छठ पर्वको शुभकामना।

२. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा।

३. सडक मर्मत गर्ने सम्बन्धमा।

४. अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा।

५. दाङ जिल्ला अदालतको निर्णय कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं. १**

नेपालीहरुको महान चाड तिहार तथा दिपावली, छट पर्व र नेपाल संवत ११४६ को अवसरमा नगरवासी सबैमा मंगलमय शुभकामना व्यक्त गरियो।

**निर्णय नं. २**

यस अघि बसेको नगरकार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाबारे छलफल गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाका विभिन्न सडकहरु वर्षातको समयमा खाल्टाखुल्टी परी सवारी तथा यात्रु आवागमनमा समेत समस्या देखिएकोले ति सडकहरु तत्काल मर्मतका लागि वडा नं. १, २, ६, ७, ११ र १३को कार्यालयबाट लागत अनुमान सहित प्राप्त निवेदन उपर विपद व्यवस्थापन समितिमा छलफल गरी मर्मत गर्न तपसिलको आफ्नो वडाको पायक पर्ने स्थानबाट ग्राभेल उठाउन अनुमतिका लागि जिल्ला विपद व्यवस्थापन समिति दाङमा अनुरोध गर्ने भनि मिति २०८२।०६।२४ गते बसेको विपद व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने। साथै सो कार्यका लागि आवश्यक बजेट सम्बन्धित वडा कार्यालयको विपद व्यवस्थापन/सडक मर्मत शीर्षकबाट व्यवस्थापन गर्ने।

**तपसिलः**

| सि.नं. | नदी घाटको स्थान |
|---|---|
| १ | वालिम खोला वडा नं. १,२,३,४ |
| २ | कटुवा खोला वडा नं. १५, १७ |
| ३ | हापुर खोला वडा नं. ९,१०,११,१२ |
| ४ | सेवार खोला वडा नं. १४,१६ |
| ५ | बबई खोला वडा नं. ५,६ |
| ६ | सेवार खोला ७,८,१३ |
| ७ | कटुवा खोला वडा नं. १८,१९ |

**निर्णय नं. ४**

अर्थ मन्त्रालयको च.नं. ११८, मिति २०८२।०६।०७ गतेको पत्रबाट सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुस्थान र राहत समेतको लागि आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२।०६।०५ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा यस अघिको नगरकार्यपालिकाको मिति २०८२।०६।०२ को १७८औं बैठकको निर्णयका अतिरिक्त थप तपसिल बमोजिम गर्ने।

**तपसिलः**

१. कार्यालयको स्वीकृत दरबन्दी भन्दा बाहिर रहेका तथा आन्तरिक स्रोतबाट खर्च लेख्ने गरी करार गरिएका देहाय बमोजिमका कर्मचारीको  करार सेवा सम्झौता मिति २०८२।।०७।०१ गतेदेखि रद्द गर्ने।
   - प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सहायक मनिषा चौधरी र प्राविधिक सहायक श्रीकृष्ण आचार्य।
   - सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत रिटर्नी स्वयंसेवकहरु हेमराज बुढाथोकी, विष्णु चौधरी र किरण चौधरी।
   - वडा कार्यालयको स्वीकृत दरबन्दी भन्दा बाहिर रहेका वडा कार्यालयबाट नियुक्त भई दैनिक ज्यालादारीमा कार्यरत सरसफाई कर्मचारी (माली)।
   - यस उपमहानगरपालिकाको कानुनी सल्लाहकारको रुपमा करार सेवामा कार्यरत श्री भुप बहादुर के.सी.।

२. घोराही उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट तलब भत्ता भुक्तानी हुनेगरी करार सेवामा नियुक्त स्वयंसेवक शिक्षक तथा अन्य शिक्षकहरुको हकमा तत्काल करार शिक्षक हटाउदा विद्यार्थीको पठनपाठनमा समस्या हुने देखिएकोले करार सेवालाई निरन्तरता दिने तर उपर्युक्त प्रकारका शिक्षक रिक्त हुन गए पदपूर्ती नगर्ने।

३. प्रदेश सरकारबाट स्थापना भएको र यस कार्यालयको समेत सहकार्यमा संचालन भएको घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित नागरिक आयोग्य केन्द्र संचालनमा प्रदेश सरकारसँगको सहकार्यलाई २०८२।०७।०१ गतेदेखि निरन्तरता नदिने।

४. हाल यस कार्यालयमा दरबन्दी अनुसारकै प्राविधिक जनशक्ति प्रयाप्त रहेकोले संघीय दरबन्दीबाट यस कार्यालयमा कामकाजमा खटिनु भएका इन्जिनियर श्री बलदेव रेग्मी (नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह)को मिति २०८२।०७।०१ गतेदेखि काज फिर्ता गर्ने।

५. साविक स्वास्थ्य कार्यालयबाट सम्बन्धीत गाविसमै रही कामकाज गर्नेगरी सम्बन्धीत गाविसकै नागरिक नियुक्ति हुने कानुनी व्यवस्था अनुसार नियुक्त हुनुभएकी सि.अ.न.मी. (साविक मातृशिशु कार्यकर्ता) निर्मला पुनलाई २०८२।०७।०१ गतेदेखि सैघा स्वास्थ्य चौकीमा कामकाजमा खटाउने।

**निर्णय नं. ५**

वादी कृष्ण बहादुर डाँगी प्रतिवादी घोराही उपमहानगरपालिका वडा नं. ४ को कार्यालय समेत भएको सार्वजनिक सडक तथा खोला/स्रोतको प्राकृतिक स्वरुपको संरक्षण सम्बन्धमा दाङ जिल्ला अदालतबाट मिति २०८२।०३।१६ मा सार्वजनिक खोलाको वहावलाई प्रतिकुल असर नपर्ने गरी कि.नं. ३३१ को बाटो समेत सार्वजनिक प्रयोग एवं प्रचलन गर्ने गरी व्यवस्थित विकास गर्नु भनि निर्देशनात्मक फैसला प्राप्त भएकोले सो कार्यान्वनको लागि सम्बन्धीत ४ नं. वडा कार्यालयलाई पत्राचार गर्ने।